# स्थानीय राजपत्र

**भानु नगरपालिकाद्वारा प्रकाशित**

**खण्डः ०४** **संख्याः २** **मितिः २०७८/०३/२४**

**भाग-२**

**भानु नगरपालिका**

नेपालको संविधान बमोजिम भानु नगरसभाले बनाएको देहाय बमोजिमको ऐन सर्वसाधरणको लागि प्रकाशन गरिएको छ

## भानु नगरपालिका वातावरण संरक्षण नियमावली, २०७७

प्रमाणित मितिः २०७७/०८/१२

**प्रस्तावनाः** स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने संविधान प्रदत्त नगरवासीको मौलिक अधिकारको संरक्षण गर्न, विकासका गतिविधीहरु र प्रकृती विच उचित सन्तुलन कायम राख्दै प्रकृति, वातावरण र जैविक विविधतामा पर्न सक्ने प्रतिकुल वातावरणिय प्रभावलाई न्यूनीकरण गर्दै वातावरण संरक्षण गर्नका लागि वातावरण र विकासका बीच समुचित सन्तुलन कायम गर्नको लागि वाञ्छनीय देखिएकोले वातावरण सम्बन्धी ऐन, २०७६ को नियम ३ (२) (ग) ले दिएको अधिकार प्रयोग गरी भानु नगरपालिकाको नगर कार्यपालिकाले यो नियमावली बनाएको छ ।

परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस नियमवालीको नाम "भानु नगरपालिका वातावरण संरक्षण नियमावली, २०७७" रहने छ ।

(२) यो नियमवाली नगर कार्यपालिकाबाट पारित भई प्रमाणिकरण भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा :

(क) "अनुकुलन" भन्नाले जलवायु परिर्वतनको सम्भाव्य असर र जोखिमको आँकलन गरी थप हानी नोक्सानी रोकथाम वा न्यूनीकरण गर्ने कार्यलाई सम्झनु पर्दछ ।

(ख) "प्रदुषण" भन्नाले फोहोरमैला, रसायन, ताप, ध्वानी, विद्युतिय, विद्युत-चुम्वकिय तरङ्ग वा रेडियोधर्मी विकिरणका कारण वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा परिर्वतन गरि वातावरणमा उल्लेख्य ह्रास ल्याउने, क्षती पुऱ्याउने वा वातावरणको लाभदायी वा उल्लेख्य प्रयोजनमा हानी पुऱ्याउने कार्यलाई सम्झनु पर्दछ ।

(ग) "प्रस्ताव" भन्नाले विद्यमान वातावरणीय अवस्थामा परिवर्तन ल्याउन सक्ने किसिमको विकास कार्य, भौतिक क्रियाकलाप वा भू-उपयोगको परिवर्तन गर्ने कुनै योजना, आयोजना वा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा तयार गरिएको प्रस्ताव सम्झनुपर्छ ।

(घ) "प्रस्तावक" भन्नाले प्रस्तावको स्वीकृतीका लागि निवेदन दिने वा प्रस्ताव कार्यान्वयन गर्न स्वीकृती प्राप्त व्यक्ति वा सरकारी, अर्धसरकारी वा गैर सरकारी निकाय वा संस्थालाई सम्झनु पर्दछ ।

(ङ) "फोहोर मैला" भन्नाले वातावरणमा ह्रास आउने गरी निष्कासन गरिएको तरल, ठोस, ग्याँस, लेदो, धूवाँ, धुलो, विकिरणयुक्त पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तु सम्झनुपर्छ ।

(च) "प्रारम्भिक वातावरणीय परीक्षण" भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा पार्ने प्रतिकुल प्रभाव, सोको मुल्याँकन, न्यूनीकरणका उपायहरु तथा उक्त उपायहरुको विश्लेशणात्मक अध्यायन तथा मुल्याँकन गरि तयार गरिएको प्रतिवेदनलाई सम्झनु पर्दछ ।

(छ) "संक्षिप्त वातावरणिय अध्ययन" भन्नाले कुनै प्रस्तावको कार्यन्वयन गर्दा त्यसवाट वातावरणमा पार्ने प्रतिकुल प्रभाव निराकरण वा न्यूनीकरण गर्नको लागि अवलम्वन गरिने उपायहरुको सम्वन्धमा संक्षिप्त रुपमा गरिने अध्ययन सम्झनु पर्दछ ।

वातावरणिय अध्ययन भन्नाले प्रारम्भिक वातावरणीय परीक्षण र संक्षिप्त वातावरणिय अध्यायनलाई सम्भन्‍नु पर्दछ ।

(ज) "नगर सभा" भन्नाले भानु नगरपालिकाको नगर सभा सम्भन्‍नुपर्छ ।

(झ) "नगर कार्यपालिका" भन्नाले भानु नगर कार्यपालिका भन्ने सम्भन्‍नुपर्छ ।

(ञ) "नगरपालिका" भन्नाले भानु नगरपालिका सम्भन्‍नुपर्छ ।

(ट) "नगर प्रमुख" भन्नाले भानु नगरपालिकाको नगर प्रमुख सम्भन्‍नुपर्छ ।

(ठ) "उपप्रमुख" भन्नाले भानु नगरपालिकाको उपप्रमुख सम्भन्‍नुपर्छ ।

(ड) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भानु नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्भन्‍नुपर्छ ।

## परिच्छेद-२
## वातावरणीय अध्ययन

३. **वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपर्ने:** (१) प्रस्तावकले तोकिए बमोजिमको प्रस्तावको तोकिए बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम तयार गरिएको वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिको लागि तोकिए बमोजिमको प्रक्रिया पूरा गरी नगरपालिका समक्ष पेश गर्नुपर्नेछ:

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियमावली प्रारम्भ हुँदाका बखत स्वीकृतिको लागि पेश भएका वातावरणीय अध्ययन प्रतिवेदन त्यस्तो प्रतिवेदन पेश गर्दाका बखत प्रचलनमा रहेको कानूनी व्यवस्था अनुसार स्वीकृत गर्न बाधा पुग्ने छैन ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्राचीन स्मारक सम्बन्धी कानून बमोजिम प्राचीन स्मारक मानिने सम्पदाको सोही रुपमा पुनर्निर्माण गर्दा वातावरणीय अध्ययन प्रतिवेदन आवश्यक पर्ने छैन ।

(५) प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा प्रस्तावकका बारेमा तोकिए बमोजिम सार्वजनिक सुनुवाई गर्नु पर्नेछ ।

(६) वातावरणीय अध्ययन प्रतिवेदन पेश गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४. **विकल्पको विस्तृत विश्लेषण गर्नुपर्ने:** (१) प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदनमा त्यस्तो प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्न सक्ने अनुकुल/प्रतिकूल प्रभाव र त्यसको

न्यूनीकरणको लागि अपनाउन सकिने विभिन्न विकल्पहरुको विस्तृत विश्लेषण गरी त्यस्ता विकल्पमध्ये प्रस्ताव कार्यान्वयन गर्न उपयुक्त हुने विकल्प र सो विकल्प कार्यान्वयन गर्न सकिने आधार र कारण सहित सिफारिस गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा प्रस्तावकले आयोजना कार्यान्वयन गर्दा वातावरणमा पर्न सक्ने प्रारम्भिक, मध्यकालीन एवं दीर्घकालीन प्रतिकूल प्रभाव र त्यसको न्यूनीकरणको लागि अवलम्बन गर्नुपर्ने विधि तथा प्रक्रिया समेत उल्लेख गर्नु पर्नेछ ।

५. **क्षेत्र निर्धारण र कार्य सुचीः** (१) यस नियमावली वमोजिम कुनै प्रस्ताव तयार गर्नुपुर्व नगरपालिकावाट त्यस्तो प्रस्तावको क्षेत्र निर्धारण गरी कार्यसुची तयार गर्नुपर्नेछ ।

(२) उपनियम (१) वमोजिमको कार्यसुची र क्षेत्र निर्धारण यसै नियमावली वमोजिम गठित समितिले गर्नेछ ।

६. **वातावरणिय अध्यायन प्रतिवेदन तयार गर्नेः** यस नियमावली वमोजिम सार्वजनिक सुनुवाईको आधारमा तोकिए वमोजिमको ढाँचामा प्रस्तावकले संक्षिप्त वातावरणीय अध्ययन र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्नुपर्नेछ ।

७. **वातावरणिय अध्ययन गर्नुपर्नेः** (१) यस नियमावली बमोजिम कुनै प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपूर्व कार्यसूची स्वीकृत गरी देहाय बमोजिमका क्षेत्रहरुको प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्नेछ ।

(क) वन

(ख) उद्योग

(ग) खानी

(घ) आवास, भवन तथा वस्ती विकास ।

(ङ) पर्यटन ।

(च) खानेपानी ।

(छ) फोहोरमैला व्यवस्थापन ।

(ज) स्वास्थ्य ।

८. **मापदण्ड एवं गुणस्तर कायम गर्नुपर्ने :** (१) प्रस्तावकले यस नियमावली बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा नगरपालिकाले निर्धारण गरेको मापदण्ड एवं गुणस्तर कायम हुने गरी तोकिए बमोजिमको ढाँचामा तयार गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको मापदण्ड वा गुणस्तर विपरीत वा त्यस्तो मापदण्ड पालना नगरी प्रतिवेदन पेश भएमा त्यस्तो प्रतिवेदन तयार गर्ने परामर्शदाताले बढीमा पाँच वर्षसम्म वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्न पाउने छैन ।

९. **वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने :** (१) नियम ३ बमोजिम कुनै प्रस्ताव कार्यान्वयन गर्ने सन्दर्भमा तयार गरिएको वातावरणीय अध्ययन प्रतिवेदन प्राप्त भएमा नगरपालिकाले सो उपर आवश्यक जाँचबुझ गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त वातावरणीय अध्ययन प्रतिवेदन जाँचबुझ गरी राय सुझाव दिनको लागि नगरपालिकाले आफ्नो प्रतिनिधि, प्रस्तावसँग सम्बनिधत सरोकारवाला निकायका प्रतिनिधि तथा आवश्यकता अनुसार विषय विज्ञ समेत रहेको समिति गठन गर्न सक्नेछ ।

(३) नियम (१) बमोजिम प्राप्त वातावरणीय अध्ययन प्रतिवेदन जाँचबुझ गर्दा त्यस्तो प्रस्तावको सम्बन्धमा थप वातावरणीय अध्ययन गर्नु पर्ने देखिएमा नगरपालिकाले प्रस्तावकलाई संक्षिप्त वातावरणीय अध्ययनको हकमा प्रारम्भिक वातावरणीय परीक्षण गर्न गराउन आदेश दिनुपर्नेछ ।

(४) उपनियम (३) बमोजिम दिइएको आदेश बमोजिम प्रस्तावकले थप अध्ययन गरी सोको प्रतिवेदन नगरपालिकामा पेश गर्नु पर्नेछ ।

(५) यस नियम बमोजिम जाँचबुझ गर्दा त्यस्तो प्रस्ताव कार्यान्वयनबाट वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पर्ने नदेखिएमा नगरपालिकाले आवश्यकता अनुसार प्रस्तावकले पालना गर्नुपर्ने शर्त तोकी त्यस्तो वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्नेछ ।

(६) वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१०. **प्रस्ताव कार्यान्वयन गर्न नहुने:** कसैले पनि यस नियमावली बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई कुनैपनि प्रस्ताव कार्यान्वयन गर्न वा गराउन हुँदैन ।

११. **रणनीतिक वातावरणीय विश्लेषण:**

(१) नगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी तोकेका नीति, कार्यक्रम वा आयोजना कार्यान्वयन गर्नुअघि त्यस्तो नीति, कार्यक्रम वा आयोजनाको सम्बन्धमा रणनीतिक वातावरणीय विश्लेषण गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको रणनीतिक वातावरणीय विश्लेषण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१२. **वातावरणीय व्यवस्थापन योजना:**

(१) प्रस्तावकले प्रस्ताव कार्यान्वयन गर्नुअघि तोकिए बमोजिम वातावरणीय व्यवस्थापन योजना तयार गर्नु पर्नेछ

(२) प्रस्तावकले उपनियम (१) बमोजिम वातावरणीय व्यवस्थापन योजना तयार गर्दा वातावरणीय प्रतिकुल प्रभाव न्यूनीकरणका उपायहरु मध्ये कुन-कुन उपायहरु आयोजना निर्माणको क्रममा र कुन-कुन उपायहरु आयोजना सम्पन्न भएपछि वा आयोजना कार्यान्वयनको क्रममा अवलम्बन गर्ने हो सो समेत उल्लेख गर्नु पर्नेछ ।

(३) प्रस्तावकले उपनियम २ बमोजिम वातावरणीय व्यवस्थापन योजनामा उल्लेख गरेका वातावरणीय प्रतिकुल प्रभाव न्यूनीकरणका उपायहरु प्रभावकारी नभएको देखिएमा नगरपालिकाले अन्य प्रभावकारी उपाय अवलम्बन गर्न आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी नगरपालिकाले दिएको निर्देशन कार्यान्वयन गर्दा लाग्ने खर्च सम्बनिधत प्रस्तावकले व्यहोर्नु पर्नेछ ।

(४) प्रस्तावकले उपनियम १ बमोजिम तयार गरेको वातावरणीय व्यावस्थापन योजना कार्यान्वयनको लागी स्पष्ट कार्य योजना बनाई सो बमोजिम कार्यान्वयन गर्ने पर्नेछ र सोको प्रगति विवरण आयोजना कार्यान्वयन सुरु भएपछि प्रत्येक छ-छ महिनामा नगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(५) प्रस्तावकले उपनियम १ बमोजिम व्यवस्थापन योजना कार्यान्वयनको सम्बन्धमा वातावरणीय प्रतिकुल प्रभाव न्यूनीकरण उपाय अवलम्बन गर्दा प्रस्ताव कार्यान्वयन हुदाँ प्रभावित हुने स्थानीय समुदाय मार्फत कार्यक्रम सञ्चालन गर्ने कुरामा प्राथमिकता दिनु पर्नेछ ।

**१३. <u>सेवा सुरु भएपछि वातावरणीय परीक्षण गर्ने</u>:**

(१) नगरपालिकाले यस नियमावली बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने प्रस्तावको कार्यान्वयन सुरु गरी सेवा वा वस्तु उत्पादन वा वितरण सुरु गरेको दुई वर्ष भुक्तान भएको मितिले छ महिना भित्र त्यस्तो प्रस्तावलाई कार्यान्वयनबाट वातावरणमा परेको प्रतिकुल प्रभाव, त्यस्ता प्रभावलाई कम गर्न अपनाइएको उपाय तथा त्यस्तो उपायको प्रभावकारिता र न्यूनीकरण हुन नसकेको वा आँकलन नै नभएका प्रतिकुल प्रभाव उत्पन्न भएकोमा सो समेत विश्लेषण गरी वातावरणीय परीक्षण प्रतिवेदन अध्यावधिक गराइ राख्नु पर्नेछ ।

(२) उपनियम १ बमोजिम वातवरणीय परीक्षण प्रतिवेदन सम्बन्धमा नगरपालिकाले आवश्यक अध्ययन गरी वातावरणमा पर्ने प्रतिकुल प्रभावलाई न्यूनीकरण गर्न अपनाइएको उपाय पर्याप्त भएको नदेखेमा त्यस्तो प्रतिकूल प्रभाव निराकरण वा न्यूनीकरण गर्ने प्रस्तावकलाई उपयुक्त आदेश दिन सक्नेछ ।

(३) उपनियम २ बमोजिमको नगरपालिकाले दिएको आदेश कार्यान्वयन गर्नु प्रस्तावकको कर्तव्य हुनेछ ।

**१४. <u>रोक लगाउन सक्ने</u>:**

(१) कसैले यस नियमावली बमोजिम वातावरणीय अध्ययन प्रतिववेदन स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन भन्दा विपरीत हुने गरी आयोजना कार्यान्वयन गरेमा नगरपालिकाले त्यस्तो आयोजना कार्यान्वयन गर्न तत्काल रोक लगाउन सक्नेछ ।

(२) उपनियम १ बमोजिम आयोजना कार्यान्वयन गर्न रोक लगाइएकोमा त्यसरी रोक लगाइएको कारणबाट प्रस्तावकलाई कुनै क्षति पुग्न गएमा प्रस्तावकले सो बापत क्षतिपूर्तिको दाबी गर्न पाउने छैन ।

(३) उपनियम १ मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यान्वयनमा रोक लगाइएको आयोजनाको प्रस्तावकले यस नियमावली बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराएमा वा स्वीकृत वातारणीय अध्ययन प्रतिवेदन बमोजिम आयोजना कार्यान्वयनमा सुधार गरेमा उपनियम १ बमोजिम लगाएको रोक नगरपालिकाले फुकुवा गर्न सक्नेछ ।

**१५. नगरपालिकाले वातावरणीय अध्ययन गर्ने सक्नेः**

(१) नगरपालिका आफैंले सञ्चालन गर्ने विकास आयोजना लगायत तोकिए वमोजिमका प्रस्तावहरु कार्यान्वयका लागि वातावरणीय अध्ययन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको प्रस्तावको स्वीकृती यसै नियमावली वमोजिम हुनेछ, सोको नगरपालिकाले अभिलेख राख्नु पर्नेछ ।

## परिच्छेद ३

## समितिको व्यवस्था

**१६. समिति गठन गर्न सक्नेः** (१) संक्षिप्त वातावरणिय अध्यायन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण एवं व्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्न देहाय बमोजिमका पदाधिकारीहरु रहने गरी एक सिफारिस समिति गठन गरिने छ ।

(क) नगर प्रमुख - संयोजक

(ख) सदस्य - पूर्वाधार समितिको संयोजक

(ग) सदस्य - वन,वातावरण,कृषि तथा पशु सँग सम्बन्धित समितिको संयोजक

(घ) अधिकृत प्रतिनिधी - प्रदेश वन कार्यालय वा ईलाका वन कार्यालय

(ङ) नगर प्रमुखले तोकेको भुर्गवको क्षेत्रमा विज्ञता हासिल गरेका व्यक्ति मध्येबाट एक जना सदस्य

(च) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत सदस्य सचिव

सिफारिस समितिले पेश गरेको प्रतिवेदनलाई नगरको वोर्ड वैठकले स्वीकृत गर्नेछ ।

१७. **समितिको बैठकः** (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको सदस्य-सचिवले संयोजकसँग परामर्श गरी समितिको बैठक बस्ने मिति, समय र स्थान, बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समयभन्दा कम्तीमा अडचालिस घण्टा अगाडि सबै सदस्यले प्राप्त गर्ने गरी पठाउनु पर्नेछ ।

(३) कुल सदस्य सङ्ख्याको बहुमत सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(४) समितिको निर्णय बहुमतद्धारा हुनेछ र मत बराबर भएमा संयोजकले निर्णायक मत दिनेछ ।

(५) समितिको बैठकमा आवश्यकता अनुसार कुनै पदाधिकारी, सम्बनिधत निकाय वा सङ्घ संस्थाका प्रतिनिधि वा वातावरण विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

१८. **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) दीर्घकालीन नीति, योजना तथा कार्यक्रममा वातावरण सम्बन्धी विषयलाई एकीकृत रुपमा समावेश गर्दै लैजान आवश्यकता अनुसार सुझाव दिने,

(ख) वातावरण सम्बन्धी संघीय तथा प्रदेश सरकारको नीति एवं मार्ग दर्शन समेतलाई आधारमानी नगरपालिकाको विकासको नीति तय गर्ने,

(ग) संक्षिप्त वातावरणिय अध्यायन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण तथा व्यवस्थापन सम्बन्धी कार्यको अध्ययन, मूल्याङ्कन गरी नपा समक्ष स्वीकृतीका लागि सिफारिस गर्ने ।

## परिच्छेद -४

## विविध

१९. **जरिवाना :** (१) कसैले देहायको कार्य गरे वा गराएमा नगरपालिकाले देहाय बमोजिम जरिवाना गर्नेछ ।

(क) संक्षिप्त वातावरणीय अध्यय प्रतिवेदन स्वीकृत गराउनु पर्ने प्रस्तावको हकमा त्यस्तो प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी कुनै प्रस्ताव कार्यान्वयन गरेमा एक लाख रुपैयाँ सम्म,

(ख) प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी कुनै प्रस्ताव कार्यान्वयन गरेमा पाँच लाख रुपैयाँसम्म,

(२) कसैले उपनियम (१) बमोजिम कार्य गरेमा नगरपालिकाले त्यस्तो कार्य तुरुन्त रोकी वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराएकोमा यस नियमवाली बमोजिम त्यस्तो प्रतिवेदन स्वीकृत गराउन र त्यस्तो प्रतिवेदन विपरीतको कार्य भएकोमा सो कार्यलाई सुधार गर्न आदेश दिनेछ र यसरी दिइएको आदेश बमोजिम गर्नु सम्बन्धित व्यक्ति वा संस्थाको कर्तव्य हुनेछ । यसरी दिएको आदेश बमोजिम कार्य नभएमा नगरपालिकाले उपदफा (१) बमोजिम गरिएको जरिवानाको तेब्बर जरिवाना गर्नेछ ।

(३) उपनियम (१) मा उल्लिखित विषय बाहेक कसैले यो नियमवाली वा यस नियमवाली अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड विपरीतका कुनै कार्य गरेमा नगरपालिकाले त्यस्तो कार्य गर्न बन्देज लगाई तीन लाख रुपैयाँसम्म जरिवाना गरी दुई महिनाभित्र यो नियमवाली र यस नियमवाली बमोजिम बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड बमोजिमको कार्य गर्न आदेश दिन सक्नेछ । यसरी दिएको आदेश बमोजिम कार्य नभएमा यस उपनियम बमोजिम गरिएको जरिवानाको तेब्बर जरिवाना लाग्नेछ ।

(४) उपनियम (२) वा (३) बमोजिम दिएको आदेश बमोजिमको कार्य नभएमा त्यस्तो कार्यमा बन्देज लगाइनेछ र त्यस्तो व्यक्ति वा संस्थालाई कालोसूचीमा राखी सोको जानकारी सम्बन्धित निकायमा पनि पठाइने छ ।

(५) उपनियम (४) बमोजिम कुनै निकायलाई कालोसुचीमा राखिएकोमा त्यस्तो व्यक्ति वा संस्थाले कालोसुचीमा राखिएको अवधिभर आफ्नो नाममा वा त्यस्तो व्यक्ति वा संस्थासँग सम्बन्धित जुनसुकै नाममा कुनै पनि प्रस्ताव पेश गर्न सक्ने छैन ।

(६) यस नियम बमोजिमको जरिवाना गर्नुअघि जरिवाना गर्न लागिएको व्यक्ति वा संस्था वा आयोजनालाई सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

२०. **पुनरावेदनः** (१) नियम १७ बमोजिम भएको जरिवाना उपर चित्त नबुझ्ने पक्षले नगरपालिकाबाट भएको जरिवाना उपर जिल्ला अदालतमा पैंतीस दिनभित्र पुनरावेदन गर्न सक्नेछ ।

२१. **अनुगमन तथा निरीक्षण गर्नेः**

(१) यो नियमवाली वा यस नियमवाली अन्तर्गत बनेको नियम निदेर्शिका, कार्यविधि वा मापदण्डको कार्यान्वयन भए नभएको सम्बन्धमा नगरपालिकाले अनुगमन तथा निरीक्षण गर्नेछ ।

(२) उपनियम (१) बमोजिम गरिने अनुगमन तथा निरीक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२२. **वार्षिक प्रतिवेदन तयार गर्नुपर्ने:**

(१) नगरपालिकाले प्रत्येक वर्ष देहायका विषयहरु समावेश गरी वार्षिक प्रतिवेदन तयार गर्नु पर्नेछः

(क) नियम १९ बमोजिम गरिएको अनुगमन तथा निरीक्षणबाट प्राप्त विवरण,

(ख) प्रारम्भिक वातावरणीय निरीक्षण सम्बन्धी क्रियाकलाप विवरण,

(ग) अन्य आवश्यक विवरण ।

(२) उपनियम (१) बमोजिम वार्षिक प्रतिवेदन नगरपालिकाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिनाभित्र नगर कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

२३. **प्रचलित कानून बमोजिम हुने:** यस नियमवालीमा लेखिएको कुरामा यसै बमोजिम र अन्य विषयमा प्रचालित कानून बमोजिम हुनेछ ।

२४. **निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्ने:** यो नियमवाली तथा यस नियमवाली अन्तर्गत बनेको नियमको प्रतिकुल नुहने गरी नगरपालिकाले आवश्यक निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

२५. **खारेजी र बचाउः** (१) यस नियमवालीमा उल्लेखित विषय यसै बमोजिम हुनेछ । कुनै बाधा अड्चन सिर्जना भएमा समितिले निर्णय गरे बमोजिम हुनेछ ।

(२) यस अगाडी भएका यस सम्बन्धि सबै कामहरु यसै नियमावली बमोजिम भएको मानिनेछ ।

आज्ञाले

राजेन्द्रदेव पाण्डे

प्रमुख प्रशासकिय अधिकृत